आज मिति २०८२/१०/२५ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को दशौं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | — |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | — |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | हिमा |
| १४. | विजय पौडेल | सचिव | |
| | आमन्त्रित | | |
| १५. | वन्दना शाक्य | प्रशासकीय अधिकृत | |
| १६. | ईश्राज बस्नेत | इन्जिनियर | |
| १७. | पुन्नाराम शर्मा | प्रशासकीय अधिकृत | |

मत्तरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खलंगा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः १०
मितिः २०८२/१०/२५ गते

मिति २०८२/१०/२५ गतेको दशौं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को नवौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को नवौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | आ व ०८३।८४ को लागि समपुरक र विशेष अनुदान आयोजना/कार्यक्रम सम्वन्धमा | • राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ को सूचना वमोजिम आ व ०८३।८४ को लागि समपुरक र विशेष अनुदान आयोजना/कार्यक्रम छनोट गरी पठाउने । | |
| (३) | सडक वोर्ड तर्फ योजना छनोट गर्ने सम्वन्धमा | • आ व ०८२।८३ मा सञ्चालन गर्नको लागि सडक वोर्ड नेपालमा योजना छनोट गरी पठाउने । | |
| (४) | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फ योजना छनोट गर्ने सम्वन्धमा । | • आ व ०८२।८३ मा स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ आयोजना सञ्चालन गरी बचत भएको रकमवाट आयोजना छनोट गर्ने । | |
| (५) | विविध | • न्यायीक समिति तर्फको कार्यक्रममा अपुग भएको रकम व्यवस्थापन सम्वन्धमा ।<br>• निर्वाचन प्रहरीको आवासमा विद्युत व्यवस्थापन सम्वन्धमा ।<br>• देउराली थाम सोलहाल्ना सडकको थप काम गर्ने सम्वन्धमा ।<br>• आर्थिक सहायता सम्वन्धमा | |

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः १०
मितिः २०८२/१०/२५ गते

**निर्णयहरु:**

(१) आ.व. ०८२/८३ को कार्यपालिकाको मिति २०८२/०९/२८ मा बसेको नवौं कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु यथाशक्य छिटो कार्यान्वयन गर्ने निर्णय गरियो ।

(२) राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ को सूचना बमोजिम आ ब ०८३।८४ को लागि समपुरक र विशेष अनुदान आयोजना/कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमका योजनाहरु प्राथमिकता निर्धारण गरि पठाउने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ

| क्र सं | प्राथमिकता क्रम | आयोजनाको नाम | कुल लागत अनुमान | गाउँपालिकाको लागत सहभागिता ४० प्रतिशत | आ व ०८३।८४ को लागि | |
|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | गाउँपालिका |
| १ | १ | खैरा खलंगा मोटरबाटो स्तरोन्नती | ६५७०००००० | २१९०००००० | १३१४०००० | ८७०००००० |
| २ | २ | सिर्सेगैरा मुंनडाँडा चुंजाठाटी सडक स्तरोन्नती | ७००००००० | २८०००००० | १३९८०००० | ९३२०००० |
| ३ | ३ | थाम सोलहाल्ना मोटरबाटो निर्माण | २१२७५००० | ८५१०००० | १२७६५००० | ८५१०००० |
| | | | | | | |

<u>विशेष अनुदान तर्फ</u>

| क्र सं | प्राथमिकता क्रम | आयोजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | १ | आयआर्जनका लागि होमस्टे संचालन कार्यक्रम | १,१५,००,००० | |
| २ | २ | गाउँपालिकाका सवै वडाहरुमा स्वच्छ खानेपानी ब्यवस्थापन | १,३५,००,००० | |
| ३ | ३ | शैक्षिक सुधारका लागि शैक्षिक सामाग्री ब्यवस्थापन तथा विद्यालय पूर्वाधारहरु मर्मत | २,००,००,००० | |

(३) सडक वोर्ड नेपालबाट आ व ०८२।८३ का मा स्थानीय सडक मर्मत संभारको लागि रु ५,००,०००। रकम स्विकृत भएको र गाँउपालिकाबाट रु १,५०,०००। ( ३० प्रतिशत रकम) समपुरक कोष समावेश गरि जम्मा रु ६,५०,०००। रकमको धरमपानी गिरिचौर हुँदै फोहर मैला ब्यवस्थापन स्थल जाने मोटर बाटो मर्मत आयोजना छनोट गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तीगाउँ, प्युठान लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्या: १०
मिति: २०८२/१०/२५ गते

(४) चालु आ व मा स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ सञ्चालनमा रहेका योजनाहरुवाट बचत भएको रकम रु ८० लाख बाट निम्न बमोजिमका आयोजनाहरु छनोट गर्ने निर्णय गरियो ।

- सरडकोट दरभाने लिफ्ट खानेपानी वडा नं ५
- गिरिचौर लिफ्ट खानेपानी वडा नं ३
- खजुरे लिफ्ट खानेपानी वडा नं १
- झिमरुक मल्लरानी लिफ्ट खानेपानी वडा नं ४
- बान्नाखोला कल्भर्ट निर्माण वडा नं २

(६) विविध तर्फ

- मल्लरानी गाउँपालिका आ.व.२०८२/८३ मा वोलपत्र आह्वान भई निर्माण कार्य भइरहेको योजना " "देउराली थाम सोल्हाना मोटरवाटो निर्माण" ठेक्का न 03-MRM/NCB-2082/83 मिति २०८२/०७/२७ गते कार्की ब्रदर्स कन्स्ट्रक्सन, रम्भा - ५, पाल्पा संग सम्झौता भई निर्माण कार्य भैरहेको र सुरुको लागत अनुमानमा १ किलोमिटर सडक नयाँ ट्र्याक वनाउने रहेको र उक्त सडक निर्माण गर्ने कार्यमा सुरुको BOQ मा माटोको Quantity ६०४६.२ घनमिटर रहेकोमा वास्तविक कार्य गर्दा Hard Rock को Quantity २५% भन्दा वढी भएको कारण Quantity भेरिएसन गर्ने र उक्त बाटोको ट्र्याक जोड्न ७०० मिटर वाँकी रहेकाले निर्माण व्यवसायीले सुरुमा पेश गरेको दररेटमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ वमोजिम सम्झौता रकमको २५ % वढी नहुने गरि नयाँ ट्र्याक निर्माण गर्न निर्णय गरियो ।

- न्यायिक समिति तर्फ प्र अ हरुसंगको अन्तरक्रिया कार्यक्रममा नपुग भएको रकम न्यायिक परामर्श शिर्षकमा विनियोजित रकमवाट व्यवस्थापन गर्ने ।
- निर्वाचन प्रहरी आवासको लागि महेन्द्र माध्यमिक विद्यालयमा विद्युतीकरण गर्दा खर्च भएको रकम मेशिनरी औजार मर्मत शिर्षकवाट भुक्तानि गर्ने निर्णय गरियो ।
- मल्लरानी गाउँपालिका वडा नं ४ वस्ने रिमा खड्का रुखबाट लडी खुट्टा भाचिएकोले उपचारको लागि एम्बुलेन्स खर्च वापत रु ८०००। उपलब्ध गराउने ।
- नेपाल मगर संघको तेश्रो प्रदेश अधिवेशनको लागि रु ८०००। आर्थिक सहयोग उपलब्ध गराउने ।
- जातीय समता समाजको प्रथम प्रदेश सम्मेलनको लागि रु ८०००। आर्थिक सहयोग उपलब्ध गराउने
- मल्लरानी २ वस्ने सावित्रा घर्तीमगरलाई शौचालय निर्माण गर्नको लागि रु ५०००। उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढुङ्गा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः १०

मितिः २०८२/१०/२५ गते

- मल्लरानी २ बस्ने गोविन्द सुनारको छोरी अंकिता सुनारलाई उच्च शिक्षा अध्ययनको लागि रु १००००। उपलब्ध गराउने ।
- स्वर्गद्वारी नगरपालिका ७ बस्ने रञ्जिता भुषाललाई चिनमा हुने Asian International Taekwondo Tournment मा सहभागि हुन रु १००००। उपलब्ध गराउने ।
- दैनिक लुम्बिनीलाई विज्ञापन प्रकाशन गरे वापत रु २००००। उपलब्ध गराउने ।
- निर्वाचन आयोग नेपालको मिति २०८२/१०/२३ को पत्रानुसार मतदाता शिक्षा विशेष कार्यक्रम अन्तरगत मतदाता शिक्षा स्वयंसेवकहरुको एक दिवसीय तालिमको खर्च विविध शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- ४४ औं मगर दिवसको उपलक्ष्यमा मिति २०८२ फाल्गुण १५ गते मल्लरानी गाउँपालिका, गाउँपालिका अन्तरगतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र शिक्षण संस्थाहरुमा १(एक) दिन सार्वजनिक विदा दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत